# विद्यार्थी सेट (ख)
## निदानात्मक परीक्षा

**कक्षा : ५** **विषय : नेपाली**

**विद्यार्थीको नामः** ..........................................................................................................

**विद्यालयको नामः** ............................................................... **जिल्लाः** ..........................

**तपाईंः छात्र** ☐ **छात्रा** ☐ **स्थानीय तहः**................................

**१. शिक्षकले उच्चारण गरेको वाक्य पहिचान गरी ठिक (✓) चिह्न लगाउनुहोस् :** (४)

**(क)**

| | |
|---|---|
| बिर्खलालको मनमा लोभ जाग्यो । | |
| बिर्खलालले असर्फी पाउने आशा गरे । | |
| बिर्खलाल पौडेर खोला किनार पुगे । | |
| बिर्खलाल निन्याउरो अनुहार लिएर घर फर्के । | |

**(ख)**

| | |
|---|---|
| चतुरे धाक लाउन पनि बडो सिपालु थियो | |
| चतुरे आफू नगएका ठाउँमा पनि गएको छु भन्थ्यो । | |
| चतुरे आफूले नजानेका कुरा पनि जान्दछु भन्थ्यो । | |
| चतुरे नभएको कुरा पनि भएको जस्तै पारेर भन्थ्यो । | |

**(ग)**

| | |
|---|---|
| उपासनाको घर नजिकै विद्यालय छ । | |
| उपासना नियमित विद्यालय जान्छिन् । | |
| उपासनाको विद्यालय छुट्टी भएको छ । | |
| उपासना आमाबुबालाई काममा सघाउँछिन् । | |

(घ)

| | |
|---|---|
| हामी खेलकुद प्रतियोगितामा सहभागी हुन्छौँ । | |
| हामी खेलकुदमा सक्रिय सहभागी हुन्छौँ । | |
| हामी खेलकुदमा राम्रो प्रदर्शन गर्दै छौँ । | |
| हामी खेलकुद प्रतियोगिताको उपाधि जित्ने छौँ । | |

**२. दिइएका शब्दको उस्तै अर्थ दिने शब्द तालिकाबाट पहिचान गरी लेख्नुहोस् : (२)**

| | | | |
|---|---|---|---|
| **स्वस्थ** | **बाक्लो** | **स्थिर** | **कहिलेकाहीँ** |

**शब्द** **अर्थ**

(क) अटल ........................................

(ख) घना ........................................

(ग) तन्दुरुस्त ........................................

(घ) बेलाबखत ........................................

**३. दिइएको अनुच्छेद जस्ताको त्यस्तै सार्नुहोस् : (४)**

जनकपुर चित्रकला, रेलवे र माछाका लागिसमेत प्रख्यात छ । मिथिला चित्रकला नारीद्वारा घरका भित्ता र पर्खालमा कोरिने चित्रकला हो । हामी यसको अवलोकन गर्दै सहरतिर घुमौँला । यहाँ रेलवे सेवा रहेको छ । हामी आमाबुबासँगै रेल हेर्न निस्कौँला । जनकपुरका माछा देशका विभिन्न स्थानमा पुऱ्याइन्छ ।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

**४. शिक्षकले भनेका वाक्यलाई ध्यान दिएर सुन्नुहोस् र लेख्नुहोस् ।   (४)**

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

**५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :   (३)**

कुरिलो मानिसका लागि उपयोगी वनस्पति हो । कुरिलो खेतीका लागि बलौटे माटो राम्रो मानिन्छ । खुकुलो माटामा यसका जरा सातआठ फिट गहिराइसम्म पुग्छन् । कुरिलाको गानाबाट टुसाको विकास हुन्छ । गर्मी समयमा टुसाको विकास छिटो हुन्छ भने जाडो समयमा ढिलो हुन्छ । कुरिलाका टुसा खानका लागि उपयुक्त हुन्छन् । यसका टुसा टिपिएन भने बिस्तारै अग्ला हुन्छन् र हाँगाका रूपमा विकसित हुन्छन् । कुरिलाका भाले र पोथी बोट हुन्छन् ।

**प्रश्नहरू**

(क) कुरिलाको टुसा केबाट विकास हुन्छ ?

.......................................................................................................................

(ख) कुरिलो खेतीका लागि गर्मी समय किन राम्रो मानिन्छ ?

.......................................................................................................................

(ग) कुरिलो खेती गर्दा ध्यान दिनुपर्ने कुनै दुई कुरा के के हुन् ?

.......................................................................................................................

६. दिइएको चित्र अध्ययन गरी चित्रका बारेमा पाँच वाक्य लेख्नुहोस् : (५)



(क) ..............................................................................................

(ख) ..............................................................................................

(ग) ..............................................................................................

(घ) ..............................................................................................

(ङ) ..............................................................................................

७. दिइएको शुभकामना सन्देश पढ्नुहोस् र तपाईंले नयाँ वर्षका अवसरमा आफ्नो साथीलाई दिइने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् । (३)

हार्दिक शुभकामना !

नेपालीहरूको महान् पर्व बडा दसैं, दीपावली र छठ पर्वको शुभ अवसरमा देशविदेशका विभिन्न ठाउँमा रहनुभएका सबै नेपालीमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

महेन्द्र शर्मा<br>
अध्यक्ष<br>
प्रगतिनगर टोल सुधार समिति<br>
सानोठिमी, भक्तपुर

८. **खाली ठाउँ भरी कथा पूरा गर्नुहोस् :** (५)

गौतम बुद्धले आफ्ना चेलालाई उपदेश दिँदै गरेका...। यो कुरा एक जना मानिसलाई मन नपरेको ...। त्यस मानिसले बुद्धलाई धेरै गाली गरेको ...। जति गाली गर्दा पनि बुद्ध शान्त बसेका...। गाली गर्दा गर्दा त्यो मानिस थाकेको ...। बुद्धले त्यो मानिसलाई छेउमा बोलाएका...। तिमीले दिएको सामान कसैले लिएन भने कहाँ रहन्छ ? भनेर बुद्धले सोधेका...। कसैले लिएनभने सामान मसँगै रहन्छ भनेर त्यस मानिसले उत्तर दिएको ...। त्यसो भए तिमीले दिएको गाली मैले लिएको छैन भनेर बुद्धले भनेका...। त्यस मान्छेलाई विनाकारण बुद्धलाई गाली गरेकामा पछुतो भएको ...। बुद्धले त्यस मानिसलाई माफी दिएका...। त्यस मानिसले कसैलाई कहिल्यै गाली नगरेको ।

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

समाप्त